# पर्सा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पर्सा, सर्लाही
## प्रदेश नं २.

# आ.व. २०७७/०७८ को
# वार्षिक नीति तथा कार्यक्रम

मिति २०७७/३/१०

**पर्सा गाउँपालिकाको चौथो गाउँसभा (आ.ब. २०७७/०७८)मा**
**बार्षिक नीति तथा कार्यक्रमहरु**

**गाउँ सभामा प्रस्तुत मिति : २०७७/०३/१०**

सभाका सभाध्यक्षज्यू,

वडाअध्यक्ष, कार्यपालिका सदस्य लगायत यस गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी साथीहरु,

पत्रकार मित्रहरु,

विश्वनै कोरोना भाईरस (कोभिड १९) बाट प्रतिकुल अवस्थामा रहेको यस संकटपूर्ण अवस्थामा हाम्रो अनुरोधलाई स्वीकार गरी यस गाउँपालिकाको बार्षिक गाउँ विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका आदरणीय सम्पूर्ण गाउँवासी दाजुभाईहरु तथा दिदीबहिनी र सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दछु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ को अधिकार प्रयोग गरी यस गाउँ सभामा पर्सा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी महसुस गरेको छु ।

आ.व. ०७७/०७८ को निती कार्यक्रम प्रस्तुत हुदाँ गाउँपालिका र यस गाउँपालिकाका भद्रभलादमी, बुद्धिजिवी, समाजसेवी लगायत सम्पुर्ण गाउँपालिका बासीहरुको सहयोग, सदभाव र तत्परतामा गाउँपालिका बासीको जीवन रक्षा गाउँपालिकाको आर्थिक र समाजिक जीवनका सुरक्षा हुने कुराको प्रत्याभुति दिलाउन चाहन्छु ।

कोरोना भाइरस कोभिड (१९) बाट पिडित नागरिकहरुलाई राहत वितरणको साथै रोगको रोकथाम नियन्त्रण र उपचारको लागी गाउँपालिकामा रहेको विपत्त व्यवस्थापनकोष को रकमबाट अपुग भएकोमा विशेष गाउँसभाबाट चालु.आ.व. २०७६/०७७ को केही योजनाहरु कट्टागरी बजेटको व्यवस्था गरि अति आवश्यक कार्यहरु गरेको जानकारी गराउदछु गा.पा. अध्यक्ष ज्यू लगायतको जनप्रतिनिधी, नागरीक समाज, समाजसेवीहरुको सल्लाह सुझावमा ठुलो मात्रामा भारतबाट आएका (५५६ जना भन्दा बढी) कोरेन्टाइनमा रहेका मानिसहरुलाई न्युन भौतिक पूर्वाधारको बावजुत कोरेन्टाइन मापदण्ड अनुसार थप व्यवस्था गरी खानपान आवास पी.सी.आर. परिक्षण र लगायतका केहीलाई आर.डी.टी. स्वास्थ्य सुविधा गतिशिल रुपमा

उपलब्ध गराइएको, जसमा संघ सरकार, प्रदेश सरकार र District Crisis Management Team का संयोजक श्री प्रमुख जिल्ला अधिकारीज्यु लगायतको सम्पुर्ण Team लाई निर्देशन र विशेष सहयोगका लागी पर्सा गाउँपालिका कृतज्ञता तथा हार्दिक आभार व्यक्त गर्दछ।

माहामारी रोकथाम र नियन्त्रणका लागि अपनाईएको बन्दाबन्दी, सामाजिक तथा भौतिक दूरी कायम गर्ने लगायतका कार्यको कार्यान्वयनमा आम गाउँबासीले देखाउनु भएको अनुशासित र सक्रियतापूर्बक सहयोगका लागि सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

कोरोना भाईरस (कोभिड १९) माहामारी र बन्दीले चालु आ.व. ०७६/०७७ को क्षेत्रगत विषयका संघिय सरकारबाट प्राप्त शर्सतका कार्यक्रमहरु प्रभावकारी रुपमा लागु गर्न नसकिएको र योजनाहरु पनि सम्पुर्ण रुपमा कार्यन्वयन हुन नसक्ने आवस्थामा छ । तथापि जनप्रतिनिधी, समाजसेवी, भद्रभलादमी कर्मचारी साथीहरुको विशेष तत्परतामा विकास निर्माण लगायतको कार्यहरु आगाडी बढाउने काम भइरहेको छ।

विगतमा यस गाउँपालिकाले अपनाएको राम्रा नितीहरुलाई आउने आ.व.०७७/०७८ मा समेत निरन्तता दिइनेछ। यो वजेट, नीति कार्यक्रम तयारी तथा कार्यान्वयनमा शुन्य विभेदको नीतिलाई अवलम्वन गरीएको छ। " स्वच्छ खानेपानि अनिमात्र हामी " भन्ने मुल नाराका साथ जनता समच्क्ष शुद्ध खानेपानि पुर्‍याउने कृषी तथा कृषकहरुलाई अगाडी वढाउने कार्यक्रमलाई निरन्तरता दिई नगदे वालीमा अत्मनिर्भर वनाई आर्थिक संवृद्धि गरीने छ नेपालको संविधान को धारा ५१ (ङ) वमोजिम भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, कृषककालागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र वजारमा पहुचको व्यवस्थ गर्ने । संघिय गणतन्त्रात्मक शासन व्यवस्थाको माध्मद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधानलाई आत्मसाथ गर्दै अगाडी वढने प्रतिवद्धता गरेको छु। कृषकलाई कृषिकै माध्यमबाट प्रोत्साहान गरी उनीहरुको जीवनस्तर उकासी धनी र गरीव विचको खाडल पुर्ने अथक प्रयास गरेको छु। यसको लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सवै निर्वाचित जनप्रतिनिधिहरु, समस्त कर्मचारीहरु, बुद्धिजीवी, उद्योगी एवं आम गाउँ वासीहरुको सक्रिय सहयोगमा यस गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनबाटमात्र लक्ष्य हासिल हुने अपेक्षा लिएको छु।

हाम्रो विकासका चाहनाहरुलाई मूर्त रुप दिन यस गाउँपालिकाले विश्वव्यापी रुपमा स्वीकार गरिएको दिगो विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ उन्मुख हुदै आगामी आ.व. को लागि राष्टिय विकास लक्ष्य र प्राथमिकताहरुलाई आत्मसाथ गर्ने छ। यसप्रकार आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास, खानेपानी, सडक पूर्वाधार, सिंचाई, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढिकरण जस्ता क्षेत्रगत प्राथमिकताहरु रहने तथ्य उल्लेख गरेको छु।

आगामी आर्थिक वर्षको क्षेत्रगत नीति तथा कायृक्रमहरु निम्नानुसार रहेको तथ्यलाई विस्तारमा प्रस्तुत गर्न चाहान्छु ।

**क) आधारभुत स्वास्थ्य**

१. कोभिड १९ रोकथाम, पहिचान र नियन्त्रणका लागि यस स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्री (मास्क, सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने गरी बजेट व्यवस्थापन गरिनेछ । संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास जनचेतनामूलक कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२. हालको बिषम अबस्थामा नागरिकको जीवनरक्षा, भारत लगायत तेस्रोमुलुक र नेपालकै बिभिन्न जिल्लाबाट रोजगारी गुमाएर फर्किएका युवालाई रोजगारी सृजना गर्ने र सो रोजगारीको माध्यमबाट गाउँपालिकाका योजना, भौतिक सुधार र भौतिक पूर्वाधारका कार्यक्रमहरु सम्पन्न गर्ने मुख्य नीति अख्तियारी गरिनेछ ।

३. कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेसनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४. भारत लगायत तेस्रो मुलुक र नेपालकै विभिन्न स्थानबाट आएका र अन्तरिम रुपमा समेत रोजगारी गुमाएका ब्यक्तिहरुलाई पुनःस्थापित गर्न कृषि र निर्माण क्षेत्रमा रोजगार अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. कोभिड १९ संक्रमण रोकथामका लागि १०० जनाको क्वारेन्टाइन तथा २५ जनाको आइसोलेसन सेन्टर निर्माण तथा सञ्चालन गरिनेछ ।

६. गाउँपालिका स्तरमा अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि नेपाल सरकार मार्फत भवन तथा पूर्वाधार निर्माण गरिनेछ ।

७. वर्षमा १ पटक गाउँपालिकामा विशेषज्ञ डाक्टर सहित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८. स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिको प्रवर्द्धन र योग तथा प्राणायामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

९. निशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ ।

१०. गाउँपालिकामा एम्बुलेन्सको ब्यवस्था गर्ने र प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको ब्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

११. यस गाउंपालिकाको स्वास्थ्य चौकीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डका निशुल्क उपलव्ध गराउनु पर्ने औषधीहरु निरन्तर उपलव्ध गराउने व्यवस्था मिलाइने ।

१२. सुरक्षित आमा, स्वस्थ बालबालिका भन्ने कार्यक्रम तय गरी गर्भवती तथा सुत्केरी महिलालाई पोषण युक्त खाना उपलब्ध गराइनेछ भने महिला स्वयम सेविकाहरुलाई उनीहरुको क्षमता विकास, समाजमा पुऱ्याएको अमूल्य योगदानका निम्ति प्रोत्साहन गर्न बडा स्तरबाट सहयोगको_व्यवस्था गरिनेछ ।

१३. गाउँघर क्लिनिक सञ्चालन गरी घरघरमै स्वास्थ्य सेवा पुऱ्याइने छ र नवजात शिशुका लागि न्यानो झोलाको व्यवस्था गरिने छ ।

१४. आधारभूत स्वास्थ्य सेवाको विस्तार र पोषण कार्यक्रम संचालन गरिनेछ

१५. बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यबहार परिबर्तन प्रबर्द्धन अभियान सञ्चालन गरिनेछ । बर्थिङ्ग सेन्टरलाई चालु तथा विस्तार गरीनेछ ।

**ख) शिक्षा**

१. पर्सा गाउँपालिकामा १-१ वटा बाल बिकास केन्द्रहरुमा बालमैत्री पूर्बाधार थप गरी आधुनिक किन्डर गार्डेनको रुपमा बिकास गरिनेछ ।

२. जिल्लामा उपलब्ध एफएम रेडियोहरुसँग समन्वय गरि आधारभूत तहसम्मका विभिन्न कक्षाको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

३. विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching methods Training को व्यबस्था मिलाइनेछ ।

४. आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारका साथै निश्चित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

५. गाउँपालिकामा माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ । त्यस्तो विद्यालयको आधारभुत तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ । त्यस्तो विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

६. सबै विद्यालयहरुको आबश्यकता पहिचान गरी प्राथमिकताको आधारमा बिद्यालयमा भवन र शौचालय निर्माणलाई प्राथमिकता दिईनुका साथै बिद्यालयहरुको बिद्यमान शौचालयहरुलाई प्रयोग योग्य बनाईनेछ ।

७. किशोरीहरुको विद्यालय छाड्ने दरलाई घटाउन र निश्चिन्त रुपमा विद्यालय पठनपाठनमा केन्द्रित गर्न उमेर समूहका सबैका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।

८. गाउँपालिकाबाट भरपर्दो र किफायती शुल्कमा एम्बुलेन्स सेवा सञ्चालन गरी उक्त सेवामा जेष्ठ नागरिक, विपन्न, असहाय र अपाङ्गहरुलाई छुटको व्यवस्था गरिनेछ ।

**ग) कृषि तथा पशु विकास**

१. कृषिको बैज्ञानिकीकरण तथा ब्यावसायीकरण गर्दै निर्वाहमूलक कृषिलाई उत्पादनमुखी बनाउन नगरपालिका भित्रका मुख्य क्षेत्रहरुलाई विशेष सम्भावना रहेका क्षेत्रको रुपमा पहिचान गरी केराखेती, आँप खेती, कागती खेती, बाखा पालन र बाह्रै महिना तरकारी खेती हुने क्षेत्रको रुपमा विकास गरिनेछ । साथै धान खेती, गहुँ खेती, दलहन खेती र माछा पोखरी निर्माणको लागि जोड दिइनेछ । यस बाहेक कृषि वन, नर्सरी, पशुपालन, बेमौसमी तरकारी खेती आदिलाई समेत प्राथमिकतामा राखिनेछ । यस्तै किसानहरुमा कृषि शिक्षा प्रवर्द्धन गरी बंगुर, कुखुरा र हाँस पालन समेतलाई प्राथमिकता प्राप्त क्षेत्र भित्र राखिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।

३. कृषि प्राविधिकहरु वाह्रै महिना परिचालन गरिने छ । आवश्यकता अनुरुप पशु चिकित्सकको व्यवस्था गरिनेछ ।

४. तरकारी, मसलाबाली, फलफूल, जडिबुटि तथा पोसिलो घाँसको विऊ एवं विरुवा सुलभ मूल्यमा वितरण गरिनेछ ।

५. कृषिमा उत्पादन वृद्धि ,पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषको आय आर्जनमा अभिवृद्धि गरिने ।

६. सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण ।

७. पशुपन्छिको नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधार भन्ने नाराका साथ पर्सा गाउँपालिका सबै वडाहरुमा पालिएका बाखा, भैंसी र गाईमा कृतिम गर्भाधान गरी दुध र मासु उत्पादनमा वृद्धि गरिने छ ।

८. आवश्यकता र सम्भाव्यता पहिचान गरी आ.ब. २०७७०७८ मै गाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिने छ । आवश्यकता अनुसार अन्य पशुपंछी पकेट क्षेत्र विकास कार्यक्रमहरु संचालन गर्दै लगिनेछ । पशु स्वास्थ्य उपचारलाई प्रभावकारी ढंगले व्यवस्थित गर्दै लगिनेछ ।

**घ) भौतिक पुर्वाधार र यातायत**

१. गाउँपालिका कार्यालय देखि सवै वडा कार्यालयहरुलाई पक्की सडकले जाडिनेछ ।

२. गाउँपालिकाभित्रका विभिन्न सडकहरुमा पर्ने खोला खोल्सामा आगामी वर्ष कल्भर्ट निर्माण गरिने छ ।

३. सडकहरुको स्तरोन्नति गर्दा कालोपत्रे भन्दा स्थानीय श्रोतसाधन र श्रमको उपयोग हुने र गुणस्तरीय समेत हुने प्रविधिको प्रयोग गरिनेछ ।

४. गाउँपालिका केन्द्रबाट वडा केन्द्रहरुसम्म पुग्ने सडक आसपास वृक्षारोपण गरिनेछ ।

५. करोड भन्दा साना आयोजनाहरुको निर्माणमा ठेक्का बन्दोवस्ती नगरी स्थानीय श्रमीक समूहहरुसँगको सम्झौता मार्फत गर्ने नीति लिइनेछ ।

६. स्थानिय पूर्वाधार तथा कृषि सडक, स्थानियस्तरको यातायात नीति, योजना अनुमति, नियम र व्यवस्थानको कार्य गरिनेछ ।

७. विकास निर्माणको कार्यलाई.तोकिएको समय र निर्धारित मापदण्ड तथा गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

**ङ) उद्योग बाणिज्य तजा आपुर्ति**

१. लघु, घरेलु तथा साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन गरिने छ ।

२. उपभोक्ताको हक हितको विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु गरिने छ ।

**च) उर्जा जलश्रोत तथा सिचाई**

१. ग्रामिण जलश्रोतको व्यवस्थापन गरिने छ ।

२. भुक्षय, वाढिबाट डुवान क्षेत्रको विशेष व्यवस्थापन गरिने छ ।

३ कुलो, बाँध निर्माण तथा मर्मत संभार गरिनेछ ।

४. कृषि धितीकरणलाई विशेष प्राथमिकता दिइने छ ।

**छ) खानेपानी**

१. यस गाउपालीकामा लक्षित जनसमुदायलाई खानेपानी सेवा पुऱ्याउने आयोजनाहरु संचालन गरि खानेपानी वितरण गरी त्यसको अनुगमन गरिनेछ ।

२. सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम तथा फोहरमैला व्यवस्थान गर्ने कार्यहरु गरिने छ ।

२. सडने, गलने फोहलाई आफ्नै करेसावारिमा गाडि मलको रुपमा प्रयोग गर्ने र नसडने, नगल्ने फोहरलाई व्यवस्थापनको व्यवस्था मिलाईने छ ।

**ज) बन बातावरण तथा भूसंरक्षण  तथा विपत्त व्यवस्थापन**

१. सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित क्षेत्रका स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

२. वाटोको दाँया, वाँया, खाली भएका सरकारी जग्गा जमिनहरुमा बाटोसँग साँध जोडिएका जग्गाधनि समेतको सहभागिताबाट लाभदायक बोटबिरुवा सहित वृक्षरोपण सञ्चालन र संरक्षण गर्ने पद्धति अवलम्वन गरिने छ ।

३. नविकरणीय उर्जालाई प्रोत्साहित गर्नि छ ।

४. यस गाउंपालिकालाई स्वच्छ सुन्दर र सरसफाइयुक्त वनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५. स्थानीय स्तरमा जटीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण , उत्पादन, संकलन, प्रवर्द्धन, प्रसोधन र बजार व्यवस्थापनको काम गरिने छ ।

६. प्रदुषण नियन्त्रण गरिने छ ।

७. स्थानीय स्तरको जलवायु परिवर्तन जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु गरिने छ ।

८. विपद् व्यवस्थापनको लागि गाउँपालिका स्तरीय एक छुट्टै कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

९. सम्भाव्य प्राकृतिक प्रकोप भुकम्प, आगलागि, बाढि तथा नदी कटान, शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरि जनधनको नोक्सानी हुन नदिन अन्यसरोकारवालाहरुसंग समन्वय गरि विपद पूर्व तयारी तथा प्रतिकार्य योजना संचालन गरिनेछ ।

**झ) आर्थिक विकास**

१. बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुलक तालिम र सिपको परिक्षण गरि श्रम बजारमा पठाइने छ ।

२. सीप विकास, रोजगारमुलक कार्यक्रमको प्रवर्द्धन तथा गरिबी न्यूनीकरण ।

३. आय-आर्जनका निमित्त व्यवसाय कर, बहाल कर एवंविज्ञापन करलाई आउट सोर्सिङको माध्यमबाट आम्दानीमा वृद्धि गर्दै लगिनेछ ।

४. कर, शुल्क र दस्तुरको नयाँक्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो बनाउँदैलगिने छ ।

५. युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाईविकास निर्माणमा सहभागी गराईनेछ र खेर गईरहेको युवा शक्तिलाईगाउँ विकासको मूल धारमा ल्याउन आवश्यक रणनीति तय गरिने

**ञ) युवा तथा खेलकुद**

१. युवा क्लवहरुलाई खेलकुद विकासका लागि तालिम तथा सामाग्रीको व्यवस्था गरिनुको साथै गाउँपालिकास्तरीय **राष्ट्रपति रनिङ्ग शिल्ड** प्रतियोगिता सञ्चालन गरिनेछ ।

२. स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गरिने छ ।

३. स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पुर्वाधारहरुको विकास निर्माण र स्तरोन्नतिको काम गरिने छ ।

## ट) सुशासन तथा संस्थागत विकास

१. सार्बजनिक खर्चमा मितब्ययिता अपनाई आयोजना छनौट र बजेट बिनियोजनलाई यथार्थपरक बनाईनेछ । गाउँपालिकाको समग्र बजेट तथा वडा र शाखागत विनियोजित बजेटलाई कोभिड १९ को असरलाई न्यूनिकरण गर्ने गरी परिचालन गरिनेछ ।

२. आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल, तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिनेछ । आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ । राजश्व संकलन, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न आ.व.को शुरु महिना श्रावणमा नै कार्ययोजना बनाई जिम्मेवारी सुनिश्चित गरी सबै आयोजना र कार्यक्रमहरु यथा समयमा सम्पन्न गरिने आधार तयार गरिने छ ।

३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिई सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रवर्द्धन गरिनेछ । पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सम्पूर्ण सूचनाहरुलाई विभिन्न संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिकाको संचित कोषबाट खर्चहुने जुनसुकै रकम उपभोक्ता समितिको कार्यको ५० हजार सम्म बाहेक भुक्तानीको लागि बैंकखाता मार्फत भुक्तानी हुने व्यवस्था गरिनेछ । सबै नागरिकलाई बैंकिङ्ग पहुँच बिस्तारका लागि बैंकहरुसँग सहकार्य गरिनेछ ।

५. यस आ.व मा घटना दर्ता पूर्ण रुपमा सम्पूर्ण वडावाट अनलाईन गरिनेछ ।

६. स्थानीय सुशास र सेवा प्रवाहलाई चुस्त, दुरुस्त वनाइने तथा प्रशासनलाई पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमूलक वनाई जनतामाझ सेवा प्रवाह प्रभावकारी रुपमा वितरण गरिनेछ ।

७. विश्वसनीय र गुणस्तरयुक्त लेखा परिक्षणको माध्यमबाट वित्तीय सुशासन कायम गर्नआन्तरिक लेखा परिक्षणको कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

८. प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी सुव्यवस्था कायम गर्न वार्षिक कार्य योजना तर्जुमा गरी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाई सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ ।

१०. पंजिकरण व्यवस्थापनलाई सुदिृढिकरण गर्दै लगिनेछ ।

११. लैङ्गीकमैत्री, बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ ।

१२. गाउँपालिका भित्र रिक्त रहेका प्राविधिक कर्मचारीको पदपुर्तिका लागि करार प्रणालीको अवलम्बन गरिनेछ, सो कार्यलाई व्यवस्थित गर्न एक कार्यविधि निर्माण गरिनेछ ।

१३. गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तरीाष्ट्र्य गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।

१४. NGO/INGO बाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाऊँपालिका को वार्षिक वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।

**ठ) समाजिक सेवा तथा समावेसी प्रवर्धन**

१. हरेक नागरीकको वैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला, तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्ता वैंक मार्फत व्यक्तिको खातामा सिधै पठाउने व्यवस्था मिलाइनेछ ।

२. जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम तथा जीवनोपयागी सिपहरु प्रदान गरिनेछ ।

३. जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न साँस्कृतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

**ड) सीपयुक्त महिला : आत्मनिर्भर महिला**

१. महिला कार्यक्रम सहित लक्षित वर्गलाई केन्द्रित गरी क्षमता अभिवृद्धि, पैरवि एवं जनचेतना अभिबृद्धिका बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, एकल महिला, बालबालिका र आर्थिक विपन्न तथा सामाजिक वञ्चितीकरणमा परेका विभिन्न वर्गका नागरिकको उत्थानका लागि लक्षित कार्यक्रमहरु र तालिम कार्यक्रम निरन्तरता दिइनेछ ।

३. स्थानियस्तरमा महिला विकास कार्यक्रम संचालन गरिनेछ ।

४. महिला सचेतना तथा विकास सम्वन्धि तालिम तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गरिने छ ।

**ढ) कानुन तथा न्याय सम्पादन**

१. गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने व्यवस्था मिलाइनेछ । यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गरिनेछ ।

२. उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि निम्नलिखित ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तत्काल तर्जुमा गरी लागु गरिनेछ ।

३. गाउँपालिकाको विनियोजन ऐन ।

४. गाउँपालिकाको आर्थिक ऐन ।

५. स्थानीय शिक्षा ऐन ।

६. आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन ।

७. स्थानीय कर्मचारी सेवा ऐन ।

८. कृषि उत्पादन प्रोत्साहन मूल्य सहायतता कोष कार्यविधि ।

९. व्यवसाय तथा स्वरोजगार प्रवर्द्धन कोष नियमावली ।

१०. स्वास्थ्य चौकी व्यवस्थापन नियमावली ।

११. प्राविधिक कर्मचारी छनौट तथा करारमा भर्ना कार्यविधि ।

**ण) सरकारी,गैह्र सरकारी संस्था संग समन्वय :–**

१. यस गाउंपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रमहरुमा सरकारी/गैह्र सरकारी संघ संस्थाहरुसंग लाभान्वित समूहको हितलाई मध्यनजर राखी समन्वय गरिनेछ ।

**त) अन्य :**

१ यस गाउंपालिका वासीहरुको अधिकाधिक हित संरक्षण हुने गरी अन्य नीति तथा कार्यक्रम एवं आवश्यक कानून तर्जुमा गर्दै कार्यान्वयनमा ल्याइने छ ।